राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ | अंक २८७ | २०८३ जेठ ७ गते विहिवार (21 May. 2026) | पृष्ठ ४ | मूल्य रू. ३।-

## मधेस सरकार जोगाउन कांग्रेस-एमाले सहमति



दैनिक समाचारदाता

जनकपुरधाम, ६ जेठ। मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव लाई नेकपा एमालेले पनि विश्वासको मत दिने भएको छ। केन्द्रस्तरमा नेपाली कांग्रेस र नेकपा एमालेबीच भएको राजनीतिक समझदारीपछि एमालेले मुख्यमन्त्री यादवको पक्षमा उभिने संकेत दिएको हो।

मुख्यमन्त्री यादवले गत शुक्रबार विश्वासको मत लिने तयारी गरे पनि अन्तिम समयमा कार्यसूची स्थगित गरेका थिए। जनता समाजवादी पार्टी (जसपा) नेपालका केही सांसदले 'फ्लोर क्रस' गर्न सक्ने आशंकापछि विश्वासको मत लिने प्रक्रिया रोकिएको बताइएको थियो। अब विश्वासको मत लिने नयाँ मिति जेठ ८ गतेका लागि तय गरिएको छ।

यसअघि नेपाली कांग्रेस, जसपा नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र नेकपा बीच मुख्यमन्त्री यादवलाई निरन्तरता दिने सहमति बनेको थियो। तर जसपा र लोसपाबीचको एकीकरणलाई निर्वाचन आयोगले मान्यता दिएपछि नवगठित दलभित्रै विश्वासको मतलाई लिएर असमझदारी देखिएको थियो।

राजनीतिक अंकगणित अनिश्चित बन्दै गएपछि कांग्रेस नेतृत्वले केन्द्रमा एमालेसँग संवाद तीव्र बनाएको थियो। कांग्रेस सभापति गगन थापा तथा उपसभापति विश्वप्रकाश शर्मा ले फरक-फरक समयमा एमाले अध्यक्ष केपी शर्मा ओली सँग भेट गरी सातै प्रदेशको सत्ता समीकरणबारे छलफल गरेका थिए।

दुई दलबीच भएको प्रारम्भिक समझदारीअनुसार मधेश प्रदेशमा एमालेका सांसदहरूले मुख्यमन्त्री यादवलाई विश्वासको मत दिने सहमति बनेको स्रोतको दाबी छ। "मुख्यमन्त्रीलाई एमालेको पनि समर्थन रहन्छ। कृष्ण यादवले विश्वासको मत प्राप्त गर्नुहुन्छ," मधेशका एक कांग्रेस नेताले बताए।

यसैबीच कांग्रेस र एमालेबीच विकसित नयाँ राजनीतिक समझदारीबारे बुधबार साँझ कांग्रेस सभापति थापा र उपसभापति शर्माले मधेश प्रदेशका नेता तथा सांसदहरूसँग छलफल गर्ने कार्यक्रम रहेको छ।

नेपाली कांग्रेसले महोत्तरीको बर्दिवासबाट सुरु गरेको दुईदिने राजनीतिक कार्यक्रमका लागि शीर्ष नेताहरू यतिबेला मधेशमै रहेका छन्। मधेश प्रदेश सरकारको भविष्य र नयाँ सत्ता समीकरणबारे उनीहरूको छलफललाई अर्थपूर्ण रूपमा हेरिएको छ।

# मधेशको ४४ अर्बको बजेटमा दलित विकासका लागि मात्र ०.७९ प्रतिशत



दैनिक समाचारदाता

जनकपुरधाम, ६ जेठ। मधेश प्रदेश सरकारको गत आर्थिक वर्ष २०८१/०८२को ४३ अर्ब ७९ करोड रुपैयाँ बजेटमध्ये दलित समुदायको समग्र विकासका लागि मात्र ३५ करोड रुपैयाँ अर्थात् ०.७९ प्रतिशत बजेट छुट्याइएको तथ्य सार्वजनिक भएको छ।

दलित विकास समिति, मधेश प्रदेशद्वारा बुधबार आयोजित 'दलित समुदायका लागि क्रियाशील संघसंस्थासँग अन्तरक्रिया' कार्यक्रममा उक्त तथ्यांक प्रस्तुत गरिएको हो।

कार्यक्रममा दलित अभियन्ता तथा वरिष्ठ पत्रकार भोला पासमानले डिजिटल प्रतिवेदन प्रस्तुत गर्दै मधेश प्रदेशमा १८ प्रतिशतभन्दा बढी दलित समुदायको जनसंख्या रहे पनि प्रदेश सरकारको विभेदकारी नीति तथा योजनाका कारण उनीहरूको अपेक्षित विकास हुन नसकेको बताएका छन्।

प्रतिवेदनअनुसार मधेश प्रदेशका विभिन्न मन्त्रालयमार्फत दलित समुदायको उत्थानका लागि विनियोजन गरिएको बजेटमध्ये मठ( मन्दिर निर्माणतर्फ ८ करोड ८५ लाख रुपैयाँ, शिक्षा क्षेत्रमा छात्रवृत्ति तथा लोकसेवा तयारी कक्षाका लागि १ करोड ५० लाख रुपैयाँ, दलित आवासतर्फ ११ करोड ३५ लाख रुपैयाँ तथा धर्मशाला, खेलकुद, विपद् व्यवस्थापन र सीपमूलक तालिमलगायत शीर्षकमा गरी कुल ३५ करोड रुपैयाँ मात्र छुट्याइएको छ।

समितिका उपाध्यक्ष जितेन्द्र पासमानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि खेलकुद तथा समाज कल्याण मन्त्रालयका सचिव सुशिल कुमार साहले आगामी आर्थिक वर्षका लागि आवश्यक योजना छनोट गरी नीति तथा कार्यक्रममा समावेश गर्न सबै सरोकारवालालाई आग्रह गरेका छन।

उनले विगतका कमजोरीमा मात्र केन्द्रित नहुन आग्रह गर्दै दलित सशक्तीकरण ऐनअन्तर्गत प्रभावकारी योजना निर्माण गर्नुपर्ने बताए। "प्रदेशका १८ प्रतिशत दलित समुदाय शिक्षित, सक्षम र समृद्ध भए मात्र समग्र प्रदेश समृद्ध बन्न सक्छ," उनले भने।

कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रिय दलित पत्रकार संघ मधेश प्रदेशका अध्यक्ष कैलास दासले मधेशमा बसोबास गर्ने दलित समुदायका वास्तविक समस्या पहिचान गरी समाधानतर्फ दलित विकास समिति गम्भीर हुनुपर्नेमा जोड दिएका छन।

उनले दलित सशक्तीकरण ऐनअन्तर्गत समिति गठन गरिए पनि कार्यान्वयन पक्ष कमजोर रहेकाले दलित समुदायले यसको प्रभावकारी अनुभूति गर्न नसकेको बताएका छन्। दलितको क्षेत्रमा काम गर्ने विभिन्न संघसंस्थासँग समन्वय गरेर समस्या पहिचान र समाधानका कार्यक्रम सञ्चालन गर्नुपर्ने उनको भनाइ थियो।

उनले दलित समुदाय अहिले पनि शोषण, दमन, हिंसा, बलात्कार तथा मानसिक यातनाबाट बढी प्रभावित भइरहेको उल्लेख गर्दै कम्तीमा संवैधानिक अधिकारबारे जनचेतना फैलाउन सबै पक्षले आफ्नो दायित्व निर्वाह गर्नुपर्ने बताएका छन्। कार्यक्रममा सहभागी विभिन्न संघसंस्थाका प्रतिनिधिहरूले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि आवश्यक कार्यक्रम तथा बजेटसम्बन्धी सुझाव लिखित रूपमा प्रस्तुत गरेका थिए।

कार्यक्रमबाट तयार गरिएको प्रतिवेदन नीति तथा योजना निर्माण प्रक्रियामा समावेश गराउन सम्बन्धित निकायमा बुझाइने समितिका उपाध्यक्ष पासमानले जानकारी दिएका छन्।


स्वस्थ वातावरण, स्वस्थ जीवनको आधार

- स्वच्छ र हरित वातावरण निर्माणमा सबैले योगदान गरौं,
- प्लास्टिकजन्य सामग्रीको प्रयोग कम गरौं र पुनः प्रयोगलाई प्राथमिकता दिऔं,
- रूख रोपौं र वन संरक्षणमा सक्रिय बनौं,
- प्रदूषण घटाउन सबै मिलेर सहकार्य गरौं,
- फोहोर व्यवस्थापन र सरसफाइमा ध्यान दिऔं,
- नवीकरणीय ऊर्जाको प्रयोग बढाऔं,
- जैविक विविधताको संरक्षण गरौं।


हरित पृथ्वी, सुरक्षित भविष्य।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# चुरे जोगाऔं,भविष्य बचाऔं

नेपालको भौगोलिक, वातावरणीय तथा मानवीय जीवनको आधार स्तम्भका रूपमा रहेको चुरे क्षेत्र आज गम्भीर संकटमा परेको छ। चुरेलाई केवल पहाड वा जंगलको शृङ्खला मात्र मान्न मिल्दैन, यो तराई-मधेशको पानी, उर्वरता, जैविक विविधता र मानव जीवनको 'लाइफलाइन' हो। तर विडम्बना, पछिल्ला वर्षहरूमा यही चुरे क्षेत्र अनियन्त्रित दोहन, वन फँडानी, नदी उत्खनन र राजनीतिक संरक्षणमा मौलाएको प्राकृतिक स्रोतको व्यापारको चपेटामा पर्दै गएको छ। यसको प्रत्यक्ष असर बाढी, पहिरो, डुबान, खडेरी तथा वातावरणीय असन्तुलनका रूपमा देशभर देखिन थालेको छ।

हरेक वर्ष मनसुनसँगै सयौं परिवार विस्थापित हुने, खेतीयोग्य जमिन बगरमा परिणत हुने, बस्ती डुबानमा पर्ने र मानवीय क्षति बढ्ने क्रम अब सामान्य समाचारजस्तै बन्न थालेको छ। तर यस्ता विपद् केवल प्राकृतिक मात्र होइनन्, धेरै हदसम्म मानव सिर्जित पनि हुन्। चुरे क्षेत्रको अन्धाधुन्ध दोहन र वन विनाशले प्रकृतिको सन्तुलन बिगारेपछि नदीहरू उग्र बन्दै गएका छन्।

यही संवेदनशील विषयलाई लिएर संरक्षण अभियान नेपालद्वारा सुरु गरिएको "मेची-महाकाली जनजागरण एवं हस्ताक्षर अभियान" सकारात्मक र समयसापेक्ष पहल हो। काँकरभिट्टाबाट सुरु भई जनकपुरधामसम्म पुगेको यो अभियानले वातावरण संरक्षणलाई केवल सरकारी एजेन्डा नभई जनआन्दोलनको रूपमा स्थापित गर्ने प्रयास गरेको देखिन्छ। जनचेतना फैलाउने, नागरिकलाई प्रकृतिप्रति जिम्मेवार बनाउने तथा राज्यलाई जवाफदेही बनाउने उद्देश्यले सुरु गरिएको यस्तो अभियानले समाजमा बहस सिर्जना गर्नु आफैंमा महत्वपूर्ण पक्ष हो।

आज आवश्यकता केवल वृक्षारोपण कार्यक्रम गरेर फोटो खिचाउने होइन, वनजंगल र चुरे क्षेत्रमाथि भइरहेको संगठित दोहन रोक्नु हो। दुर्भाग्यवश, विभिन्न ठाउँमा राजनीतिक संरक्षण र प्रशासनिक मिलेमतोमा नदी उत्खनन, वन फँडानी तथा अवैध गिट्टी-बालुवा उद्योग सञ्चालन भइरहेको गुनासो बारम्बार उठ्दै आएको छ। यदि यस्ता गतिविधिमा संलग्न व्यक्तिहरूमाथि निष्पक्ष छानबिन र कडा कारबाही हुँदैन भने चुरे संरक्षणका नारा केवल औपचारिकतामा सीमित हुनेछन्।

वनजंगल केवल काठको स्रोत होइन, स्वच्छ हावा, पानी र जीवनको आधार हो। नदी-नाला केवल उत्खननको माध्यम होइनन्, सम्पूर्ण पर्यावरणीय चक्रका संवाहक हुन्। चुरे विनाश हुनु भनेको मधेश मरुभूमीकरणतर्फ धकेलिनु हो। त्यसैले चुरे संरक्षण कुनै एक प्रदेश वा समुदायको मुद्दा होइन, यो राष्ट्रिय अस्तित्वसँग जोडिएको विषय हो।

अभियानमा विद्यार्थी, युवा, किसान, व्यापारी, बुद्धिजीवी तथा सामाजिक संघसंस्थाहरूको सहभागिता उत्साहजनक छ। २० हजारभन्दा बढी हस्ताक्षर संकलन हुनु नागरिक तहमा वातावरणीय चेतना बढ्दै गएको संकेत पनि हो। तर केवल हस्ताक्षर र नाराले मात्र पर्याप्त हुँदैन। यसलाई नीतिगत सुधार, प्रभावकारी कार्यान्वयन र स्थानीय तहसम्मको कडाइसँग जोड्न आवश्यक छ।

सरकारले चुरे संरक्षणलाई भाषण र योजनाको कागजमा सीमित नराखी व्यवहारमा उतार्नुपर्छ। वन फँडानी, अवैध उत्खनन, अतिक्रमण तथा प्रदूषण नियन्त्रणमा शून्य सहनशीलताको नीति अपनाउन जरुरी छ। साथै, स्थानीय समुदायलाई संरक्षण अभियानसँग प्रत्यक्ष जोडेर वातावरणमैत्री विकास मोडेल अपनाउनुपर्छ।

प्रकृतिमाथि निरन्तर प्रहार गरेर विकास सम्भव हुँदैन। यदि आज चुरे जोगाउन सकेनौं भने भोलिको पुस्तालाई सुख्खा नदी, उजाड जंगल र विपद्ग्रस्त बस्ती मात्र हस्तान्तरण हुनेछ। त्यसैले अहिलेको सबैभन्दा ठूलो आवश्यकता विकास र वातावरणबीच सन्तुलन कायम गर्नु हो। चुरे संरक्षण कुनै विकल्प होइन, अबको अपरिहार्य राष्ट्रिय दायित्व हो।

# टेक्नोस्ट्रेस: डिजिटल युगको नवीन चुनौती



सन्दिप बास्तोला

३५ वर्षका रमेश सरकारी बैंकमा अधिकृत छन् । उनको काम प्रायः अस्त-व्यस्त रहन्छ । पछिल्ला वर्षहरूमा कामको स्वरूप पनि बदलिँदै गएको छ । अफिसको काम सकिएपछि पनि उनको दिन सकिँदैन । मोबाइलमा आउने सामान्य केवाईसी भेरीफिकेशनदेखि इमेल, ह्वाटस्यापका सन्देश, विभिन्न अनलाइन रिपोर्टहरू तथा महत्त्वपूर्ण कर्जा स्वीकृतिसम्मका कामले उनलाई सधैँ व्यस्त बनाइ राख्छ ।

बिहान अफिस पुग्ने बित्तिकै कम्प्युटर खोल्नु, दिनभर सिस्टममा काम गर्नु र साँझ घर पुगेपछि पनि इमेल हेर्नु तथा मोबाइल हेर्न निहुरिनु रमेशको दिनचर्या हो । बिदाका दिनमा पनि काम सम्बन्धी म्यासेज आउँदा बेवास्ता गर्न उनलाई गाह्रो हुन्छ ।

समय बितेसँगै रमेशले आफूमा परिवर्तनहरू देखा पर्न थालेको महसुस गरे । चाँडै थाक्ने, टाउको दुख्ने र रातमा राम्रो निन्द्रा नपर्ने जस्ता समस्याहरू देखा पर्न थाले । परिवारसँग बस्दा पनि उनको ध्यान बारम्बार मोबाइलमै हुन्छ । एक दिन उनकी श्रीमतीले भनिन्, 'तपाई घरमा हुनुहुन्छ कि अझै अफिसमै ?'

यो प्रश्नले रमेशलाई झस्कायो । उनले प्रविधिले उनको समय मात्र होइन, मानसिक शान्ति पनि खोसेको महसुस गर्न थाले । त्यसपछि रमेशले आफ्नो व्यवहार परिवर्तन गरे । अफिसपछि इमेल नहेर्ने, राति सुत्नुअघि मोबाइल टाढा राख्ने र बिदाको दिनमा डिजिटल कामबाट विश्राम लिने ।

सुरुमा गाह्रो लागे पनि बिस्तारै उनले आफूलाई हल्का महसुस गर्न थाले । उनको सार छ- प्रविधिलाई परिचालन गरौँ, परिचालित नहोऔँ । यो घटना बैंककर्मी, सरकारी कर्मचारी र डिजिटल माध्यममा धेरै समय बिताउने सबै टेक वर्कर्सहरुको हो ।

२१औँ शताब्दीमा प्रविधि हाम्रो दैनिक जीवनको अभिन्न अङ्गका रूपमा स्थापित भएको छ । यसले काम गर्ने तरिका, आपसी सञ्चार र विश्वसँगको अन्तर्क्रियामा व्यापक परिवर्तन ल्याएको छ । यसबाट उत्पादकत्व वृद्धि, सुदृढ सम्पर्क विस्तार तथा विशाल ज्ञान स्रोतमा पहुँच जस्ता महत्त्वपूर्ण लाभ प्राप्त भएका छन् । नेपालमा पछिल्लो केही वर्षयता डिजिटल सेवाको विस्तार तीव्र भएको छ ।

अनलाइन प्रणाली, इमेल, डिजिटल फाइलिङ र विभिन्न सफ्टवेयरहरूको प्रयोगले कामलाई छिटो र सहज बनाएको छ । नेपालका धेरै सरकारी कार्यालयहरू अझै डिजिटल रूपान्तरणको प्रक्रियामा छन् । यस क्रममा कर्मचारीहरूले नयाँ सिस्टम सिक्नुपर्ने, पुरानो साथै नयाँ प्रणालीसँगै चलाउनुपर्ने र प्राविधिक समस्या समाधान गर्नुपर्ने जस्ता चुनौतीहरू भोगिरहेका छन् ।

विशेषगरी, डिजिटल वालेट, मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ, क्यूआरकोड भुक्तानी, डिजिटल सम्झौता र इ-दस्ताबेज लगायतका डिजिटल वित्तीय प्रणालीको विकास तथा ई-कमर्स, फिन-टेक, एग्री-टेक, हेल्थ-टेक जस्ता नवीनतम मोडेलको विस्तारले कर्मचारीहरूमा नयाँ शैलीको तनाव सिर्जना भएको छ ।

निजी कार्यालयहरूमा प्रविधिको प्रयोग अझ बढी भएको देखिन्छ, त्यहाँ कामको दबाब, समय सीमा र अनलाइन मिटिङ साथै निरन्तर सञ्चारका कारण चौबिसै घण्टा उपलब्ध हुनुपर्ने संस्कृतिले कर्मचारीहरूको व्यक्तिगत जीवन र कामबिचको सन्तुलन बिगारिरहेको छ । साथै शिक्षा क्षेत्रमा डिजिटल प्रविधिको प्रयोगले सिकाइलाई नयाँ आयाम दिएको छ ।

अनलाइन कक्षा सञ्चालनको दबाब, नवीनतम डिजिटल प्लेटफर्म सिक्नुपर्ने चुनौती, प्रविधिको अभाव वा कमजोर पूर्वाधार, विद्यार्थीलाई सिकाइप्रति आकर्षित गर्ने तथा खिया लाग्दै गएको स्मरण शक्ति र संज्ञानात्मक क्षमतालाई सन्तुलित राख्नुपर्ने जस्ता विषयले शिक्षकहरूमा तनाव बढाएको छ भने निरन्तर स्क्रिन समय, अनलाइन असाइनमेन्ट र परीक्षा, इन्टरनेट र उपकरणको असमान पहुँच साथै विशेषगरी ग्रामीण क्षेत्रका विद्यालयहरूमा प्रविधिको पहुँच सीमित हुँदा विद्यार्थीहरूमा समेत तनाव बढी देखिन्छ ।

नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार देशमा इन्टरनेट प्रयोगकर्ताको सङ्ख्या कुल जनसङ्ख्याको करिब ६० प्रतिशतभन्दा माथि पुगेको छ, जसले सूचना तथा सञ्चार प्रविधिमा पहुँच तीव्र रूपमा विस्तार भइरहेको सङ्केत गर्छ । त्यसैगरी, नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्याङ्क अनुसार डिजिटल बैंकिङ कारोबार हरेक वर्ष उल्लेखनीय दरमा वृद्धि भइरहेको छ ।

यसले वित्तीय पहुँच, कारोबारको सहजता र पारदर्शितामा महत्त्वपूर्ण सुधार ल्याएको देखिन्छ । यद्यपि, डिजिटल विस्तारसँगै कर्मचारीहरूमा डिजिटल तनाव पनि बढ्दो रूपमा देखिन थालेको छ । निरन्तर अनलाइन रहनुपर्ने दबाब, छिटो प्रतिक्रिया दिनुपर्ने अपेक्षा, प्रविधिको जटिलता तथा कार्य-जीवन सन्तुलनमा आएको असन्तुलनले कर्मचारीहरूको मानसिक स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न थालेको छ ।

यसरी, डिजिटल प्रविधिले एकातर्फ सेवा र कार्यक्षमतामा सुधार ल्याए पनि अर्कोतर्फ मानव संसाधन व्यवस्थापनमा नयाँ चुनौतीहरू सिर्जना गरेको स्पष्ट हुन्छ ।

सङ्गठनहरूले तीव्र रूपमा परिवर्तनशील बजारमा प्रतिस्पर्धात्मकता कायम राख्न तथा नयाँ प्रतिस्पर्धात्मक लाभ सिर्जना गर्न सूचना तथा सञ्चार प्रविधिको उपयोग गरिरहेका छन् । साथै, कर्मचारीहरूको आईसीटी प्रति व्यवहार र प्रतिक्रिया उनीहरूको आत्म-मूल्याङ्कित दक्षतामा निर्भर रहने तथ्य पनि अध्ययनहरूले देखाएका छन् । आईसीटीको प्रयोगले कर्मचारीहरूलाई निरन्तर बदलिँदो कार्य अपेक्षामा अनुकूलन हुन बाध्य बनाएको छ ।

दक्षता नभएको प्रविधिहरूका समेत सञ्चालन तथा उपयोग गर्नुपर्ने वाध्यात्मक परिस्थितिका कारण लामो समयसम्म काम गर्ने तथा बढ्दो कार्यभार वहन गर्नुपर्ने प्रविधिगत जटिलता सिर्जना भएको छ । यसले कतिपय अवस्थामा कर्मचारीहरूलाई आईसीटीको प्रयोग प्रभावकारी रूपमा व्यवस्थापन गर्न असक्षम महसुस गराउँदै तनावको स्थितिमा धकेल्छ ।

यस्ता प्रविधिहरूलाई रणनीतिक रूपमा योजनाबद्ध गरी कार्यान्वयन गर्दा कर्मचारी सन्तुष्टि अभिवृद्धि भई व्यक्तिगत तथा संस्थागत दुवै तहमा सकारात्मक प्रभाव पर्ने देखिएको छ ।

कार्यस्थलमा प्रविधिको अत्यधिक प्रयोगबाट उत्पन्न हुने यस्ता तनावजन्य अवस्थालाई 'टेक्नोस्ट्रेस' भनिन्छ । टेक्नोस्ट्रेस आधुनिक प्रविधिको नकारात्मक प्रभावका कारण उत्पन्न हुने तनाव र निर्भरतासँग सम्बन्धित हुन्छ । यसलाई प्रविधिको अन्धकार पक्षका रूपमा समेत वर्णन गर्न सकिन्छ । यसले प्रविधि प्रयोगका प्रतिकूल असरहरूलाई उजागर गर्छ ।

टेक्नोस्ट्रेसलाई मुख्यतः दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ 'टेक्नो-यूस्ट्रेस' र 'टेक्नो-डिस्ट्रेस' । टेक्नो-यूस्ट्रेसले सूचना प्रणाली प्रयोग गर्दा व्यक्तिले अनुभव गर्ने सकारात्मक तथा प्रेरणादायी तनावको अवस्थालाई जनाउँछ भने यसको विपरीत, टेक्नो-डिस्ट्रेसले सूचना प्रणालीलाई खतरा वा बोझका रूपमा अनुभूति हुँदा उत्पन्न हुने नकारात्मक तनावलाई सङ्केत गर्छ, जसले प्रतिकूल परिणाम निम्त्याउँछ ।

### *टेक्नोस्ट्रेसका प्रमुख पक्षहरू*

टेक्नोस्ट्रेस विभिन्न कारणहरूबाट उत्पन्न हुने मनोसामाजिक अवस्था हो । मुख्य रूपमा 'टेक्नो-ओभरलोड', 'टेक्नो-इनभेजन, 'टेक्नो-कम्प्लेक्सिटी', 'टेक्नो-इनसिक्युरिटी' तथा 'टेक्नो-अनसर्टेन्टी' प्रमुख निर्धारक पक्षहरूका रूपमा चिनिन्छन् । यी प्रत्येक आयामले भिन्न-भिन्न प्रकारका मनोवैज्ञानिक तनावहरू उत्पन्न गर्ने भएकाले

*बाँकी पृष्ठ ३मा*

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# रूबी खानको अनशन अन्त्य, सरकारसँग पाँचबुँदे सहमति

दैनिक समाचारदाता
काठमाडौँ, ६ जेठ। बाँकेकी निर्मला कुर्मीको अपहरण, शरीर बन्धक तथा कर्तव्य ज्यानसम्बन्धी घटनाको निष्पक्ष अनुसन्धानको माग राख्दै २३ दिनदेखि आमरण अनशनमा रहेकी अधिकारकर्मी रूबी खान र सरकारबीच बुधबार पाँचबुँदे सहमति भएको छ। सहमतिसँगै उहाँले आफ्नो अनशन अन्त्य गर्नुभएको हो।

अधिकारकर्मी खानलाई प्रधानमन्त्री वालेन्द्र शाह का प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहाल ले पानी खुवाएर अनशन तोडाउनुभएको थियो।

बाँकेको सञ्जीवनी कलेज अफ मेडिकल साइन्सेज मा अनशनरत खानसँग वार्ताका लागि सरकारको विशेष टोली खटाइएको थियो। टोलीमा प्रहरी प्रधान कार्यालयका प्रहरी अतिरिक्त महानिरीक्षक सुशील सिंह राठौर, गृह मन्त्रालयका सहसचिव तथा प्रवक्ता आनन्द काफ्ले र दीपा दाहाल सहभागी



हुनुहुन्थ्यो।

सरकारी टोलीले सोमबारदेखि निरन्तर वार्ता र सहजीकरण गरेपछि गृह मन्त्रालयका सहसचिव र खानबीच सहमतिपत्रमा हस्ताक्षर भएको हो। सहमतिपछि खानले प्रधानमन्त्री शाह तथा सरकारका प्रतिनिधिप्रति कृतज्ञता व्यक्त गर्नुभएको छ।

सहमतिअनुसार जिल्ला प्रहरी कार्यालय बाँकेमा २०७७ चैत २० गते दर्ता भएको निर्मला कुर्मीको अपहरण, शरीर बन्धक तथा कर्तव्य ज्यानसम्बन्धी मुद्दाको हालसम्मको अनुसन्धानको विस्तृत अध्ययन गरी यथाशीघ्र न्यायिक प्रक्रियामा अघि बढाइने भएको छ।

त्यस्तै, खानले उठाएका अन्य घटनाको अनुसन्धान लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङबाट गराइने तथा अनुसन्धानमा कमजोरी पाइए सम्बन्धित प्रहरी कर्मचारीमाथि प्रहरी नियमावलीअनुसार कारबाही गरिने प्रतिबद्धता सरकारले जनाएको छ।

खानविरुद्ध जिल्ला प्रहरी कार्यालय बाँकेमा दर्ता भएको 'सार्वजनिक शान्तिविरुद्धको कसुर' मुद्दाको अनुसन्धान पनि शीघ्र टुङ्ग्याइने सहमति भएको छ। साथै, उक्त मुद्दामा जिल्ला प्रहरी कार्यालय बाँकेका प्रमुखसहित सम्बन्धित प्रहरी कर्मचारीको भूमिकाबारे प्रहरी प्रधान कार्यालयले छानबिन गर्ने र कमजोरी देखिए कारबाही प्रक्रिया अघि बढाइने जनाइएको छ।

यसैगरी, निर्मला कुर्मीको न्यायका लागि आन्दोलनरत खान तथा अन्य महिला अधिकारकर्मीको सुरक्षाका लागि जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय बाँकेलाई आवश्यक निर्देशन दिने सहमति समेत भएको छ।

सहमतिपत्रमा मानवअधिकार तथा महिला अधिकारका क्षेत्रमा क्रियाशील विभिन्न संघसंस्थाका प्रतिनिधिले रोहवरका रूपमा हस्ताक्षर गरेका छन्। रोहवरमा भोला महत, वसन्त गौतम, मोहम्मद शेर बागवान, मन कुमारी गुरताल तथा गीता रैदास ले हस्ताक्षर गर्नुभएको छ।

## सपना मल्ल २० दिन बिदामा

दैनिक समाचारदाता
काठमाडौं, ६ जेठ। सर्वोच्च अदालतमा मनोजकुमार शर्मा ले प्रधानन्यायाधीशको पदभार ग्रहण गरेसँगै वरिष्ठतम न्यायाधीश सपना मल्ल प्रधान २० दिनका लागि बिदामा बसेकी छन्।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइराला का अनुसार न्यायाधीश प्रधानले आफ्नै स्वीकृतिमा आजदेखि लागू हुने गरी २० दिने बिदा लिएकी हुन्।

मंगलबार शर्मा प्रधानन्यायाधीशको पदभार ग्रहण गर्न सर्वोच्च अदालत पुग्नुअघि नै न्यायाधीश प्रधानले बिदा स्वीकृत गरेकी थिइन्। यसअघि प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत उमेरहदका कारण अवकाश भएपछि प्रधानले २०८२ चैत १८ गतेदेखि कामु प्रधानन्यायाधीशको जिम्मेवारी सम्हाल्दै आएकी थिइन्।

संवैधानिक परिषद्ले प्रधानन्यायाधीशमा शर्मालाई सिफारिस गरेपछि न्यायाधीश प्रधान असन्तुष्ट रहेको चर्चा न्याय क्षेत्रमै भएको थियो। परिषद्को सिफारिसको दोस्रो दिन कामु प्रधानन्यायाधीशको हैसियतमा प्रधानले फुलकोर्ट बैठक बोलाएकी थिइन्। फुलकोर्ट बैठकमा प्रधानन्यायाधीश नियुक्तिको विषयलाई लिएर न्यायाधीशहरूबीच मतभेद र नोकझोक भएको बताइएको छ। त्यसपछि शर्मा वैशाख २५ गतेदेखि इजलासमा बसेका थिएनन्।

प्रधानन्यायाधीशको औपचारिक जिम्मेवारी सम्हालेसँगै शर्मा बुधबारदेखि पुनः इजलासमा बसेका छन्।

## पश्चिम एसिया तनावका कारण सन् २०२६ मा विश्व आर्थिक वृद्धि सुस्त हुने

एजेन्सी
काठमाडौँ ६ जेठ। पश्चिम एसियामा जारी संकटका कारण विश्व अर्थतन्त्र दबाबमा परेको छ। यसले आर्थिक वृद्धि सुस्त बनाएको, मुद्रास्फीति पुनः बढाएको तथा विश्व वित्तीय बजारमा अनिश्चितता बढाएको संयुक्त राष्ट्रसंघले जनाएको छ।

मंगलबार सार्वजनिक गरिएको 'विश्व आर्थिक अवस्था तथा सम्भावना २०२६ मध्य-वर्षीय अद्यावधिक' प्रतिवेदनअनुसार सन् २०२६ मा विश्व कुल गार्हस्थ उत्पादन वृद्धि दर २.५ प्रतिशत रहने अनुमान गरिएको छ। यो जनवरीमा गरिएको प्रक्षेपणभन्दा ०.२ प्रतिशत बिन्दुले कम हो। सन् २०२७ मा भने २.८ प्रतिशतको सामान्य सुधार हुने अपेक्षा गरिएको छ।

प्रतिवेदनमा उल्लेख भएअनुसार मध्यपूर्व संकटको मुख्य असर ऊर्जा क्षेत्रमा परेको छ। आपूर्ति अवरोध, तेल तथा ग्यासको मूल्यवृद्धि, ढुवानी र बीमा खर्च बढ्दा विश्वव्यापी उत्पादन लागत बढेको छ। ऊर्जा कम्पनीहरूले भने यसबाट ठूलो लाभ उठाएका छन्, तर घरपरिवार र व्यवसायहरूमा लागतको चाप बढेको छ।

खाद्य मूल्यवृद्धि पनि गम्भीर चिन्ताको विषय



बनेको छ। मलको आपूर्तिमा अवरोध आउँदा कृषि उत्पादन घट्न सक्ने र त्यसले खाद्यान्न मूल्य अझ बढाउने चेतावनी प्रतिवेदनले दिएको छ।

सन् २०२३ देखि घट्दो क्रममा रहेको विश्व मुद्रास्फीति अहिले पुनः बढ्ने संकेत देखिएको छ। विकसित देशहरूमा मुद्रास्फीति २०२५ को २.६ प्रतिशतबाट २०२६ मा २.९ प्रतिशत पुग्ने अनुमान गरिएको छ भने विकासशील देशहरूमा यो ४.२ प्रतिशतबाट ५.२ प्रतिशत पुग्न सक्ने उल्लेख छ। मजबुत श्रम बजार, उपभोक्ता माग तथा कृत्रिम बौद्धिकताबाट प्रेरित व्यापार र लगानीले केही राहत दिए पनि विश्व अर्थतन्त्रमा देखिएका चुनौती पूर्ण रूपमा समाधान गर्न पर्याप्त नहुने प्रतिवेदनले जनाएको छ। विशेषगरी इन्धन र खाद्यान्न आयातमा निर्भर विकासशील देशहरू बढी प्रभावित हुनेछन्।

पश्चिम एसियामा सबैभन्दा गम्भीर असर देखिएको छ। त्यहाँको आर्थिक वृद्धि २०२५ को ३.६ प्रतिशतबाट घटेर २०२६ मा १.४ प्रतिशतमा झर्ने अनुमान गरिएको छ। यसको कारण ऊर्जा आपूर्ति संकट मात्र नभई पूर्वाधार क्षति, तेल उत्पादनमा अवरोध, व्यापार र पर्यटनमा आएको गिरावट पनि हुन्।

संयुक्त राष्ट्रसंघका आर्थिक तथा सामाजिक मामिला विभागका प्रमुख तथा उपमहासचिव ली जुनह्वाले भने, "मध्यपूर्व संकटले विकासशील देशहरूमा थप आर्थिक दबाब सिर्जना गरेको छ। बढ्दो ऋण लागत र पूँजी बाहिरिने जोखिमले दिगो विकासका लागि आवश्यक स्रोत सीमित बनाउन सक्छ।"

## टेक्नोस्ट्रेसः.......

तिनको प्रभावकारी व्यवस्थापनका लागि समयसापेक्ष फरक-फरक रणनीतिहरू अपनाउँदै जानुपर्छ

टेक्नोस्ट्रेसले कर्मचारीहरूको मानसिक स्वास्थ्यमा गम्भीर प्रभाव पारिरहेको छ। यसले चिन्ता, थकान, डिजिटल विस्मृती, स्मरण शक्तिमा ह्रास, प्रविधिमाथिको परनिर्भरता, संज्ञानात्मक अल्छीपन, एकाग्रताको अभाव, चिन्तन, मनन तथा आलोचनात्मक क्षमतामा ह्रास ल्याउनुको साथै भावनात्मक असन्तुलन तथा व्यवहारिक परिवर्तनहरू निम्त्याउन सक्छ।

कर्मचारीहरूको कामप्रतिको सन्तुष्टि घट्ने, संस्थाप्रति प्रतिबद्धता कमजोर हुने जस्ता समस्याहरू पनि देखिन्छन् लामो समयसम्म यस्तो तनावमा रहँदा व्यक्तिको सोच्ने क्षमता र कार्यशैलीमा समेत नकारात्मक असर पर्न सक्ने देखिन्छ।

***शारीरिक स्वास्थ्यमा पनि जोखिम***

मानसिक असर मात्रै होइन, टेक्नोस्ट्रेसले शारीरिक स्वास्थ्यमा पनि प्रभाव पार्छ। अत्यधिक प्रविधि प्रयोगका कारण स्वास्थ्य समस्याहरू, शरीरमा जैविक परिवर्तन तथा मुटुसम्बन्धी जोखिमहरू बढ्न सक्ने अनुसन्धानहरूले देखाएका छन्। यसले दीर्घकालीन रूपमा कर्मचारीहरूको स्वास्थ्यमा गम्भीर असर पुऱ्याउन सक्छ।

टेक्नोस्ट्रेसले कर्मचारीहरूको भावनात्मक अवस्थालाई पनि प्रभावित बनाउँछ। निराशा, झर्को, असहायता र भावनात्मक थकान जस्ता समस्याहरू बढ्दै जान्छन्। यसले कार्यस्थलमा सहकर्मीहरूसँग तथा पारिवारिक सम्बन्धमा पनि नकारात्मक असर पारेको छ, जसले समग्र कार्य वातावरणलाई प्रभावित गर्छ।

प्रविधिको प्रयोगले कर्मचारीहरूलाई सधैँ कामसँग जोडिराख्ने प्रवृत्ति बढाएको छ। साथै काम र व्यक्तिगत जीवनबिचको सिमाना धमिलो बनाएको छ। परिणामस्वरूप परिवार र कामबिच द्वन्द्व, थकान र मानसिक दबाब बढ्ने समस्या उत्पन्न हुँदै गएका छन्।

टेक्नोस्ट्रेसले संस्थागत संस्कृतिमा पनि प्रभाव पारिरहेको छ। कर्मचारीहरूले नयाँ प्रविधिसँग आफूलाई अनुकूल बनाउन संघर्ष गर्नुपर्दा उत्पादकत्वमा असर पर्न सक्छ। साथै, जटिल कार्यसँगै सूचना तथा सञ्चार प्रविधिको प्रयोगको अपेक्षा बढ्दा तनाव झन् बढ्ने देखिन्छ। बिग डाटा, कृत्रिम बौद्धिकता, एआई एल्गोरिदम, रोबोटिक्स, न्यूरल नेटवर्क, मेसिन लर्निङ अनुसारका डिजिटल पूर्वाधारहरु तयार नभएका कारण कर्मचारीहरू यस किसिमका प्रविधिसँग भिज्न सकिरहेका छैनन्।

साइबर सुरक्षा, ह्याकिङ, फिसिङ, मालवेयर रोकथाम जस्ता विषयहरूमा संस्थागत रणनीतिहरू तयार गर्नुपर्ने चुनौती बढेको छ। डिजिटल साक्षरता, डिजिटल पहुँच, डिजिटल डिभिडेन्स र कर्मचारी तथा नागरिकको क्षमता अभिवृद्धि जस्ता कार्यहरुमा अध्ययन र सुधार गर्दै संस्थाहरूले प्रविधिमैत्री एवं कर्मचारीमैत्री नीति अवलम्बन गर्नु अपरिहार्य बन्दै गएको छ।

***टेक्नोस्ट्रेस कम गर्ने उपाय***

टेक्नोस्ट्रेसको व्यापक प्रभावलाई सम्बोधन गर्न, यसको दूरगामी असरका कारण र समाधानहरू कार्यान्वयन गर्न आवश्यक छ। टेक्नोस्ट्रेसको तनावलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न, व्यक्तिगत तथा संस्थागत दुवै तहमा समग्र रणनीति अपनाउनुपर्छ। यसमा अत्यधिक डिजिटल उत्तेजना जस्ता प्रविधि-सम्बन्धी कारकहरूको प्रभाव घटाउने र प्रविधि प्रयोगमा सीमा निर्धारण जस्ता नियन्त्रणकारी उपायहरू अपनाउन सकिन्छ।

उदाहरणका लागि प्रविधिका सकारात्मक पक्षहरूमा जोड दिने, काम र व्यक्तिगत जीवनबिच सन्तुलन कायम गर्न डिजिटल डिटक्सलाई प्रोत्साहन गर्ने, व्यक्तिहरूलाई सिर्जनात्मक समस्या समाधान गर्ने क्षमताको विकास गर्न प्रेरित गर्ने, योग र ध्यानमा विशेष जोड दिने, राइट टु डिस्कनेक्ट नीति लागू गर्ने, कार्यस्थलमा एर्गोनोमिक सुधार गर्ने, विभिन्न आवश्यकता अनुसार लचिलो कार्य तालिका अपनाउने, प्रविधि प्रयोग निषेध गरिएका निश्चित क्षेत्रहरू सिर्जना गरेर डिट्याचमेन्ट प्रवर्द्धन गर्ने।

अन्त्यमा टेक्नोस्ट्रेस प्रविधिको अत्यधिक प्रयोगका कारण उत्पन्न हुने नकारात्मक मनोवैज्ञानिक चिन्ता, शारीरिक थकान तथा व्यवहारगत थकावट र दिक्कपन जस्ता प्रतिक्रियाहरूको उपज हो। नेपाल प्रविधिमैत्री समाजतर्फ अघि बढिरहँदा टेक्नोस्ट्रेसलाई बेवास्ता गर्न सकिँदैन।

दिनानुदिन प्रविधिमा आधारित गतिविधि बढ्दै जाने र कार्यक्षेत्रमा कर्मचारीहरूको सन्तुष्टि घट्दै जाने क्रममा उत्पन्न हुने असन्तुलनलाई उचित सम्बोधन गर्नु पर्छ। कर्मचारीको अवस्था, दक्षता, डिजिटल पूर्वाधारको पहुँच र उपलब्धता अनुरूप प्रविधिको प्रयोग तथा परिवर्तनशील प्रविधिमा उपयुक्त हुने गरी कर्मचारीको क्षमता अभिवृद्धि गर्दै जानुपर्छ।

कर्मचारीहरूको मानसिक स्वास्थ्यलाई प्राथमिकता दिँदै प्रविधिको प्रयोगलाई सहज र प्रभावकारी बनाउन आवश्यक देखिन्छ। उचित कार्य व्यवस्थापन र सचेत प्रविधि प्रयोगका माध्यमबाट मात्र स्वस्थ, उत्पादक र दिगो कार्य संस्कृति निर्माण गर्न सम्भव हुन्छ।

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

# भारत सरकारको सहयोगमा सर्लाहीमा विद्यालय भवन उद्घाटन




दैनिक समाचारदाता
जनकपुरधाम, ६ जेठ। भारत सरकारको आर्थिक सहयोगमा मधेश प्रदेशको सप्तरीजिल्लामा निर्माण गरिएको विद्यालय भवनलाई एक समारोहबीच उद्धाटन गरिएको छ। सप्तरीको सुरुङ्गा नगरपालिकास्थित श्री जनता माध्यमिक विद्यालयको नवनिर्मित भवनलाई वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत देवी सहाय मीना तथा सुरुङ्गा नगरपालिकाकी मेयर गीता चौधरीले संयुक्त रूपमा उद्घाटन गरेका हुन।

उक्त भवन तथा सम्बन्धित पूर्वाधार निर्माण उच्च प्रभाव सामुदायिक विकास परियोजना अन्तर्गत गरिएको हो। परियोजना सुरुङ्गा नगरपालिकामार्फत कार्यान्वयन गरिएको जनाइएको छ।

वि.सं. २००८ (सन् १९५१) मा स्थापना भएको श्री जनता माध्यमिक विद्यालयले हाल प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्म अध्ययन(अध्यापन गराउँदै आएको छ। विद्यालयमा करिब ६२७ विद्यार्थी अध्ययनरत रहेका छन्, जसमध्ये ३५८ जना छात्रा रहेका छन्।

उद्घाटन कार्यक्रममा नगरपालिकाका जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समिति तथा अन्य सरोकारवालाहरूले भारत सरकारबाट प्राप्त विकास सहयोगको प्रशंसा गरेका छन्। उनीहरूले नवनिर्मित भौतिक संरचनाले विद्यालयमा पठनपाठनको वातावरण थप सुदृढ हुने तथा शिक्षा क्षेत्रको गुणस्तर अभिवृद्धिमा सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन।

कार्यक्रममा नेपाल( भारतबीचको ऐतिहासिक तथा बहुआयामिक सम्बन्धलाई स्मरण गर्दै शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासका क्षेत्रमा भारत सरकारले निरन्तर सहकार्य गर्दै आएको उल्लेख गरिएको छ।

उच्च प्रभाव सामुदायिक विकास परियोजनाअन्तर्गत सञ्चालन भइरहेका यस्ता योजनाले स्थानीय तहको पूर्वाधार विकासमा टेवा पुऱ्याउनुका साथै नेपाल सरकारको विकास र समृद्धिको अभियानलाई समेत सहयोग पुगिरहेको बताइएको छ।

# कांग्रेसको 'जरा अभियान' आजदेखि बर्दीबासमा

दैनिक समाचारदाता
जनकपुरधाम, ६ जेठ। नेपाली कांग्रेसले वडा तहदेखि नै पार्टी सङ्गठनलाई सशक्त, सुदृढ र चलायमान बनाउने उद्देश्यसहित देशव्यापी 'जरा अभियान' आजदेखि महोत्तरीको बर्दीबासबाट सुरु गर्ने भएको छ। मधेश प्रदेशस्तरीय अभियानको उद्घाटन पार्टी सभापति गगन थापा ले आज आठवटै जिल्लाका जिल्ला सभापति, कांग्रेसबाट निर्वाचित जिल्ला समन्वय समिति तथा पालिकाका प्रमुख-उपप्रमुख, स्थानीय तहका पार्टी सभापति, महाधिवेशन प्रतिनिधि, महासमिति सदस्य तथा प्रदेशसभा क्षेत्रीय सभापतिलगायत करिब ३०० जनाको सहभागिता रहने जनाइएको छ।




दिउँसो १२:३० बजे गर्ने कार्यक्रम रहेको छ।

कांग्रेस केन्द्रीय सदस्य तथा मधेश प्रदेशका लागि 'जरा अभियान' का सहजकर्ता प्रमोदहरि गुरागाईं का अनुसार जनतासँग प्रत्यक्ष सम्पर्क विस्तार गर्दै पार्टी सङ्गठनलाई वडा तहसम्म मजबुत बनाउने, सदस्यता अद्यावधिक गर्ने तथा नयाँ सदस्यता विस्तार गर्ने उद्देश्यले अभियान सञ्चालन गर्न लागिएको हो।

उनका अनुसार अभियानमार्फत जनतासँग प्रत्यक्ष संवाद, सङ्गठन सुदृढीकरण, सक्रिय सदस्यता नवीकरण तथा पार्टीको वैचारिक सन्देश जनस्तरसम्म पुऱ्याउने कार्यलाई प्राथमिकता दिइनेछ।

दुई दिनसम्म सञ्चालन हुने कार्यक्रममा कांग्रेस उपसभापति विश्वप्रकाश शर्मा, महामन्त्री प्रदीप पौडेल सहित केन्द्रीय कार्यसमितिका सदस्य तथा पदाधिकारीहरू, मधेश प्रदेश कार्यसम्पादन समितिका पदाधिकारी, प्रदेशसभा सदस्य, बर्दीबासस्थित गौतम होटल मा सञ्चालन हुने कार्यक्रममा सहभागी र विषयगत प्रशिक्षकबीच सघन छलफल तथा अन्तरक्रिया हुने आयोजकले जनाएको छ।

यसअघि मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण यादव, कांग्रेस केन्द्रीय सदस्य बजरंग नेपाली, सुनिल यादव, महोत्तरी कांग्रेस सभापति नागेश्वर यादव, बर्दीबास नगर प्रमुख प्रह्लाद क्षेत्री तथा पोषण थापा लगायतले मंगलबार कार्यक्रमस्थल पुगेर तयारीको जानकारी लिनुभएको थियो।केन्द्रीय सदस्यद्वय बजरंग नेपाली र सुनिल यादवले 'जरा अभियान' ले पार्टी सङ्गठनको आधार बलियो बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो। उहाँहरूले लोकतन्त्र, संविधान तथा कांग्रेसको राजनीतिक दृष्टिकोणलाई जनस्तरसम्म पुऱ्याउन र मधेशका युवा तथा नयाँ पुस्तालाई पार्टीप्रति आकर्षित गर्न अभियान प्रभावकारी हुने बताएका छन्।

# पूर्वमन्त्री गुप्तासँग ५० लाख धरौटी माग



दैनिक समाचारदाता
काठमाडौँ, ६ जेठ। पोखराको लिचीबारी भ्रष्टाचार प्रकरणमा थुनामा रहेका पूर्वमन्त्री राजकुमार गुप्ता सँग सर्वोच्च अदालतले ५० लाख रुपैयाँ धरौटी माग गरेको छ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय शारङ्गा सुवेदी र सुनिल कुमार पोखरेल को संयुक्त इजलासले गुप्तालाई ५० लाख रुपैयाँ नगद धरौटी वा सो बराबरको बैंक ग्यारेन्टी अथवा जेथा जमानतमा रिहा गरी मुद्दाको पुर्पक्ष गर्न आदेश दिएको हो।

मंगलबार नै आदेश भए पनि धरौटी रकमसम्बन्धी जानकारी इजलासले बुधबार निवेदक पक्षलाई दिएको जनाइएको छ। पूर्व सामान्य प्रशासनमन्त्री गुप्तालाई विशेष अदालतले २०८२ पुस १७ गते थुनामा राख्न आदेश दिएको थियो। सो आदेशपछि उनी हालसम्म कारागार कार्यालय डिल्लीबजार मा थुनामा रहेका थिए।

यसैबीच, सर्वोच्च अदालतले पूर्वमन्त्री रन्जिता श्रेष्ठ को हकमा विशेष अदालतले २०८२ फागुन १० गते गरेको आदेशलाई सदर गरेको छ।

# जनताको हितमा राजनीति गर्न ठाकुरको आग्रह

दैनिक समाचारदाता
काठमाडौं, ६ जेठ। जनता समाजवादी पार्टी नेपालका संरक्षक महन्थ ठाकुर ले विदेशमा रहेका राजनीतिक नेता तथा व्यवसायीहरूलाई पलायनको बाटो त्यागेर स्वदेश फर्किन आह्वान गरेका छन्।

बुधबार विकास, आर्थिक मामिला तथा सुशासन समितिको बैठकमा बोल्दै नेता ठाकुरले मुलुकमा नयाँ राजनीतिक परिस्थितिको विकास भइरहेकाले अब विदेशमै बसिरहनुपर्ने अवस्था नरहेको बताए। उनले तीन प्रमुख राजनीतिक दलबीच सहकार्यको वातावरण बनेको उल्लेख गर्दै राष्ट्रिय हितका लागि सबै राजनीतिक शक्तिहरू एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिए।आफ्नो धारणा राख्ने क्रममा ठाकुरले विगतमा आफूहरूले भोगेको राजनीतिक दमन र कारागार जीवनको स्मरण गर्दै वर्तमान राजनीतिक नेतृत्वलाई जिम्मेवार र नैतिक बन्न सुझाव दिए।



"अब बाहिर रहने अवस्था छैन, पलायन छोडेर आफ्नो भूमिमा फर्किनुहोस्, हामी स्वागत गर्छौं," उनले भने, "यदि राजनीति जनताका लागि गरिएको हो भने व्यक्तिगत स्वार्थभन्दा माथि उठ्नुपर्छ। पहिले समूह र जनताको हितलाई प्राथमिकता दिनुपर्छ, त्यसपछि मात्र व्यक्तिगत लाभका विषय आउँछन्।"

# मधेस प्रदेशको ४४२ हेक्टर वनक्षेत्र अतिक्रमण मुक्त

दैनिक समाचारदाता
जनकपुरधाम ६ जेठ। वर्षौंदेखि मधेस प्रदेशका विभिन्न जिल्लामा अतिक्रमित ४४२ हेक्टर वन क्षेत्र गत आर्थिक वर्ष २०८१-८२ मा अतिक्रमण मुक्त गरिएको छ।

मधेस प्रदेश वन निर्देशनालय जनकपुरधामका अनुसार थप अतिक्रमित वनक्षेत्र खाली गर्न तथा गराउन सम्बन्धित वन कार्यालयले सूचना जारी गरेका छन्।

निर्देशनालयबाट प्राप्त विवरणअनुसार धनुषामा ३० हेक्टर, सर्लाहीमा १७५ हेक्टर, सप्तरीमा १११ हेक्टर , बारामा ५४ हेक्टर, पर्सामा ४५ हेक्टर, रौतहटमा १२ हेक्टर, सिरहामा १० हेक्टर तथा महोत्तरीमा तीन हेक्टर वनक्षेत्रको जमिन फिर्ता लिइएको छ।

अतिक्रमित वनक्षेत्रमा खेतीपाती, गोठनिर्माण, होटल तथा पसल सञ्चालन, घरसमेत निर्माणगरी बसोबास भइरहेको थियो। निर्देशनालयका निर्देशक जग्गनाथप्रसाद जयसवालले मधेस प्रदेशको आठवटै जिल्लाबाट अहिले पनि १६ हजार ५९९ हेक्टर जमिन अतिक्रमणमा परेको जानकारी दिए। अतिक्रमित वनक्षेको जमिन खाली गर्ने प्रक्रिया सुरु गरिएको तथा त्यसमा सबैको सहयोग आवश्यक रहेको बताए।

लामो समयदेखि अतिक्रमित वनक्षेत्रको समस्या समाधान गर्न प्रदेश सरकारले पहल गरिरहेको जनाइएको छ। यसका लागि प्रशासनिक संयन्त्रले एक्लै समाधान गर्न नसक्ने भएकाले राजनीतिक तथा स्थानीय संयन्त्रको समन्वय आवश्यक रहेकाले त्यसतर्फ काम भइरहेको निर्देशक जयसवालले उल्लेख गरे।

हाल नेपालमा ४५ प्रतिशत भू-भाग वनले ढाकेको भए पनि मधेस प्रदेशमा मात्र तीन दशमलव ७२ प्रतिशत भूभाग वनक्षेत्रले ढाकेको छ।

प्रदेशभरि दुई लाख दुई हजार २०२ हेक्टर जमिनमा वनक्षेत्र रहे पनि १३६ स्थानीय तहमध्ये ८९ वटामा वनक्षेत्र नै नभएको बताइएको छ। जसमध्ये मधेसको कुल वनक्षेत्रमध्ये आठ प्रतिशत वनक्षेत्र अतिक्रमणमा परेको हो।


**आगलागी**

एक छिनको गल्ती ठूलो क्षति, किन ल्याउने यस्तो विपति ?

सजग बनौ, होसियार रहौं, आगलागीबाट धनजन जोगाऔं।

**आमसंचार प्राधिकरण**
मधेश प्रदेश, जनकपुरधाम

अब उत्कृष्ट भविष्यको रोजाई



# MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४